## सुचना नं SQ/IRM/08/079/080

## चमेना गृह (Canteen)सञ्चालन सम्बन्धी सूचना

## (दोस्रो पटक सूचना प्रकाशित मिति २०७९/०७/१५)

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, परिसरमा भएको चेमनागृह तपसिल बमोजिम शर्तको अधीनमा रही खाजा तथा खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नु पर्ने भएको हुँदा इच्छुक फर्मले व्यवसाय दर्ता/नविकरण प्रमाण पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, भ्याट नं ,कर चुक्ता प्रमाणपत्र सहित संलग्न खाजा/खानाको परिकार र इकाई अनुसारको बस्तु तथा सेवा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको विवरण संलग्न गरि हार्ड कपिको माध्यमबाट पेश गर्न सक्ने गरि ठेक्का बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न शिलबन्दी/दरभाउ पत्र आह्वान गरिएको छ । शिलबन्दी दरभाउपत्र फाराम इच्छाकामना गाउँपालिकाको योजना शाखाबाट खरिद गरि उक्त शाखामा नै पेश गर्ने व्यवस्था रहेको छ । तोकिएको शिलबन्दी दरभाउपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको ग्लोवल आई.एम.ई बैंकको, कुरिनटारस्थित हि.नं. १२१०४०१००००००४, आन्तरिक राजस्व खाता मा जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र कागजात साथ संलग्न गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्रदाताले आफूले कबोल गरेको अंकको १० प्रतिशत धरौटी रकम यस कार्यालयको बैंक, कुरिनटार स्थित ग्लोवल आई.एम.ई बैंकको हि.नं. १२१०१०१००००००२१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" श्रेणीको कुनै बैंकको कम्तीमा ७५(पचहत्तर) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी संकलन गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको हो, सो स्पष्ट खुलाई २०७९/०७/२२ गते दिनको १२ बजेभित्र दर्ता गरिसक्नु पर्नेछ । योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुका अधिनमा रही तोकिएको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

ई. कृष्ण प्रसाद उपाध्याय
इन्जिनियर
१०,००२ "सिभिल" "क" वर्ग

२०७९/७/१५
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

| आय ठेक्का.नं | न्यूनतम कबोल रकम भ्याट बाहेक | | | | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| SQ/INM/08/079/080 | आ.ब: ०७९/८० | आ.ब: ०८०/८१ | आ.ब: ०८१/८२ | जम्मा रु. | रु १०००/- |
| | २,१६,०००।०० | २,३७,६००।०० | २,६१,३६०।०० | ७,१४,९६०।०० | |

ई. कृष्ण प्रसाद उपाध्याय
इन्जिनियर
१०,००२ "सिभिल" "क" नं

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत